राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१

संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. डा. अन्जान शाक्य | ०२. | मा. विष्णु कुमारी सापकोटा र मा. पदम बहादुर परियार |
| ०३. | मा. भगवती न्यौपाने, मा. इन्दिरा देवी गौतम, मा. गोपाल भट्टराई, मा. तुलसा कुमारी दहाल, मा. सुमित्रा वि.सी. र मा. रूक्मिणी कोइराला | ०४. | मा. कृष्ण बहादुर रोकाय र मा. किरण बाबु श्रेष्ठ |
| ०५. | मा. डा. बेदुराम भुसाल, मा. उदय बहादुर बोहरा, मा. गोमादेवी तिमिल्सिना, मा. घनश्याम रिजाल, मा. मदनकुमारी शाह (गरिमा), मा. राजेन्द्र लक्ष्मी गैरे र मा. सावित्री मल्ल | ०६. | मा. माया प्रसाद शर्मा, मा. गोपीबहादुर सार्की आछामी, मा. तारामान स्वाँर, मा. भुवन बहादुर सुनार, मा. रेनु चन्द र मा. श्रीकृष्ण प्रसाद अधिकारी |
| ०७. | मा. विष्णु बहादुर विश्वकर्मा | | |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | ३ | | | | "आवश्यकता अनुसार" भन्ने शब्दहरू झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ३ | | | | "गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राख्नु पर्ने। |
| ३. | मा. विष्णु बहादुर विश्वकर्मा | ४ | (१) | | | उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउन पर्नेः-<br>"(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-<br>"(घ) कानून अध्यापन गराउने केन्द्रीय विश्वविद्यालयहरूको नेपाली नामको वर्णानुक्रमानुसार डिनहरूमध्येबाट हरेक दुई वर्षमा परिवर्तन हुने गरी एक जना," |
| ४. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | ४ | (२) | | | "एकजना" भन्ने शब्दको सट्टा "दुईजना" र "तीनजना" भन्ने शब्दको सट्टा "पाँचजना" भन्ने शब्द राख्नु पर्ने। |
| ५. | मा. विष्णु बहादुर विश्वकर्मा | ४ | (२) | | | "महिला" भन्ने शब्दपछि "र एक जना दलित" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ६. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ५ | (१) | | | "तथा" भन्ने शब्दको सट्टा "नविकरण र" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७. | मा. कृष्ण बहादुर रोकाय र मा. किरण बाबु श्रेष्ठ | ५ | (१) | | | "फर्म" भन्ने शब्द पछि "दर्ता, नवीकरण," भन्ने शब्दहरू थप्नु पर्ने । |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५ | (१) | | | "फर्म" भन्ने शब्दको सट्टा "फर्मको नवीकरण," भन्ने शब्दहरू राख्नु पर्ने। |
| ९. | मा. विष्णुकुमारी सापकोटा र मा. पदमबहादुर परियार | ५ | (२) | | | कानूनी शिक्षा दिने निकाय परिषद् नभएको हुँदा स्वार्थ नबाझिने गरी स्पष्ट पार्नु पर्ने। |
| १०. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ५ | (५) | | | "(प्रो वोनो)" भन्ने शब्दहरूको सट्टा "(Pro bono)" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ११. | मा. कृष्ण बहादुर रोकाय र मा. किरण बाबु श्रेष्ठ | ६ | | | | थप्न प्रस्ताव गरिएको उपदफा (२क) को खण्ड (क) मा रहेको "संरक्षण" भन्ने शब्दपछि "तथा कल्याणकारी कोष सञ्चालन" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १२. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ६ | | | | थप्न प्रस्ताव गरिएको उपदफा (२क) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्ने:-<br>"(ग) कानून व्यवसायीको सामाजिक सुरक्षा, कल्याणकारी कोष तथा बिमा व्यवस्था सम्बन्धी कार्यमा," |
| १३. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | ६ | | | | थप्न प्रस्ताव गरिएको उपदफा (२क) को खण्ड (ङ) मा रहेको "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १४. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७ | (१) | | | उपदफा (३) को सट्टा प्रस्ताव गरिएको उपदफा (३) को खण्ड (ग) मा रहेका "गर्ने, वा" भन्ने शब्दहरूको सट्टा "गर्ने।" भन्ने शब्द राखी खण्ड (घ) झिक्नु पर्ने। |
| १५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. कृष्ण बहादुर रोकाय र मा. किरणबाबु श्रेष्ठ | ८ | | | | थप्न प्रस्ताव गरिएका दफाहरूमध्ये दफा ११घ. का खण्ड (क), (ख), (ग), (घ) र (ङ) लाई दफा ११ग. को खण्ड (च) पछि क्रमशः थपी दफा ११घ. लाई झिक्नु पर्ने। |
| १६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ९ | | | | "समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समितिको" भन्ने शब्दहरूको सट्टा "समिति, अन्तर्राष्ट्रिय सम्बन्ध समिति र कानून व्यवसायी प्रतिष्ठानको" भन्ने शब्दहरू राखु पर्ने। |
| १७. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ११ | | | | थप्न प्रस्ताव गरिएको दफा १८क. को उपदफा (१) मा रहेका "सामेल हुनु अगावै" भन्ने शब्दहरूको सट्टा "परीक्षार्थीले आवेदन फर्म भर्दा नै" भन्ने शब्दहरू राखु पर्ने। |
| १८. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १२ | | | | दफा १९ को सट्टा प्रस्ताव गरिएको दफा १९ को खण्ड (ङ) झिक्नु पर्ने। |
| १९. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १३ | (२) | | | थप्न प्रस्ताव गरिएको उपदफा (२क) को खण्ड (ग) झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १४ | | | | थप्न प्रस्ताव गरिएको दफा २०क. को उपदफा (१) मा रहेको "परिषद्मा" भन्ने शब्दपछि र उपदफा (२) मा रहेको "फर्म" भन्ने शब्दपछि "नवीकरण," भन्ने शब्द थप्नु पर्ने। |
| २१. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १४ | | | | थप्न प्रस्ताव गरिएको दफा २०क. को उपदफा (१) मा रहेको "प्रत्येक" भन्ने शब्द र उपदफा (२) मा रहेको "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| २२. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १४ | | | | थप्न प्रस्ताव गरिएको दफा २०क. को उपदफा (२) मा रहेका "अन्य व्यवस्था तोकिए" भन्ने शब्दहरूको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| २३. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १५ | (१) | | | "पच्चिस" भन्ने शब्दको सट्टा "एक्काईस" भन्ने शब्द राख्नु पर्ने। |
| २४. | मा. विष्णु बहादुर विश्वकर्मा | १५ | (१) | | | "पच्चिस" भन्ने शब्दको सट्टा "बीस" भन्ने शब्द राख्नु पर्ने। |
| २५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १५ | (२) | | | थप्न प्रस्ताव गरिएको उपदफा (३) मा रहेको "अदालतले" भन्ने शब्दको सट्टा "अदालतको फूल कोर्टले" भन्ने शब्दहरू राखी "कानून व्यवसायीको" भन्ने शब्दहरूको सट्टा "कानून व्यवसायी परिषद्बाट सिफारिस सहितको" भन्ने शब्दहरू थप्नु पर्ने। |
| २६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १५ | (२) | | | थप्न प्रस्ताव गरिएको उपदफा (३) मा रहेका "कानून व्यवसायीको" भन्ने शब्दहरूको सट्टा "कानून व्यवसायी परिषद्बाट सिफारिस सहितको" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २७. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. विष्णु बहादुर विश्वकर्मा | १६ | | | | थप्न प्रस्ताव गरिएको उपदफाहरूमध्ये उपदफा (५) मा रहेका "एक वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २८. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | १६ | | | | थप्न प्रस्ताव गरिएको उपदफाहरूमध्ये उपदफा (५) मा रहेका "एक वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २९. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १८ | | | | थप्न प्रस्ताव गरिएको २४क. को उपदफा (२) मा रहेका "वा" भन्ने शब्दको सट्टा "र" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३०. | मा. विष्णु कुमारी सापकोटा र मा. पदम बहादुर परियार | १८ | | | | थप्न प्रस्ताव गरिएको २४क. को उपदफा (३) पछि उपदफा (४) थप गरी उक्त उपदफा (४) मा कानून व्यवसायीका तर्फबाट धम्की, अनुचित लेनदेन, वा कानून विपरितका क्रियाकलाप गरेमा कारबाही गर्ने प्रावधान राख्नु पर्ने। |
| ३१. | मा. डा. अन्जान शाक्य | १९ | | | | थप्न प्रस्ताव गरिएको परिच्छेद-५क. झिकी प्रस्तावित "परिच्छेद-५ख." लाई "परिच्छेद- ५क." कायम गर्नु पर्ने। |
| ३२. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५क. २५ख. र २५ग. लाई भाषा मिलाएर पुनर्लेखन गर्नु पर्ने। |
| ३३. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ख. को उपदफा (३) मा रहेका "गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३४. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ख. को उपदफा (३) मा रहेका "सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ" भन्ने शब्दहरूको सट्टा "पर्नेछ" भन्ने शब्द राख्नु पर्ने। |
| ३५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ख. को उपदफा (३) मा रहेका "पालना गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित शैक्षिक संस्थाले पालना गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३६. | मा. विष्णु कुमारी सापकोटा र मा. पदम बहादुर परियार | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ख. को उपदफा (३) पछि देहायको उपदफा (४) थप्नु पर्नेः-<br>"(४) कुनै पनि शैक्षिक संस्थाले निश्चित समयभित्र नियम पालना नगरेमा त्यस्ता शैक्षिक संस्थालाई परिषद्ले खारेजीको सिफारिस गर्न सक्नेछ।" |
| ३७. | मा. कृष्ण बहादुर रोकाय सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ग. को उपदफा (१) को अन्त्यमा "परिषद्ले उक्त शैक्षिक संस्थालाई खारेजीको सिफारिस गर्न सक्नेछ।" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिउको दफा २५ग. को उपदफा (२) को अन्त्यमा "यस्तो शैक्षिक संस्था स्वतः खारेजीमा पर्नेछ।" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. कृष्ण बहादुर रोकाय र किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (१) मा रहेका "नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी" भन्ने शब्दहरू झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. कृष्ण बहादुर रोकाय र किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नु पर्नेः-<br>"(क) परिषद्को उपाध्यक्ष वा परिषद्ले तोकेको एकजना वरिष्ठ अधिवक्ता - अध्यक्ष" |
| ४१. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (क) मा रहेका "परिषद्को उपाध्यक्ष" भन्ने शब्दहरूको सट्टा "नेपाल बार एशोसिएसनको अध्यक्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४२. | मा. कृष्ण बहादुर रोकाय र किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नु पर्नेः-<br>"(ख) बाग्मती प्रदेशबाट निर्वाचित परिषद् सदस्य -उपाध्यक्ष" |
| ४३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १९. | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नु पर्नेः-<br>"(ख) बाग्मती प्रदेशबाट निर्वाचित पार्षद् वा परिषद्ले तोकेको वरिष्ठ अधिवक्ता -उपाध्यक्ष" |
| ४४. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ख) मा रहेको "पार्षद्" भन्ने शब्दको सट्टा "सदस्य वा परिषद्ले तोकेको वरिष्ठ अधिवक्ता" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४५. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ख) मा रहेको "बाग्मती" भन्ने शब्द झिक्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४६. | मा. कृष्ण बहादुर रोकाय र किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ग) नेपाल बार एशोसिएसनको सिफारिसमा वरिष्ठ अधिवक्तामध्येबाट दुईजना -सदस्य" |
| ४७. | मा. कृष्ण बहादुर रोकाय र किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (ग) को सुरूमा "सचिव/" भन्ने शब्द थप्नु पर्ने। |
| ४८. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (छ) मा रहेको "अधिवक्तामध्येबाट" भन्ने शब्दको सट्टा "वरिष्ठ अधिवक्ता वा अधिवक्तामध्येबाट" भन्ने शब्दहरू राखी "तीनजना" भन्ने शब्दको सट्टा "पाचँजना" भन्ने शब्द राखु पर्ने। |
| ४९. | मा. कृष्ण बहादुर रोकाय र मा. किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (छ) मा रहेको "तीनजना" भन्ने शब्दको सट्टा "चारजना" भन्ने शब्द राखु पर्ने। |
| ५०. | मा. विष्णु बहादुर विश्वकर्मा | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) को खण्ड (छ) मा रहेको "महिला" भन्ने शब्दपछि "र एकजना दलित" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५१. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(३) प्रदेश परिषद्का अध्यक्षहरू प्रतिष्ठानको पदेन सदस्य हुनेछन्।<br>(४) प्रतिष्ठानको सञ्चालक समिति गठन गर्दा समावेशी सिद्धान्त बमोजिम गर्नु पर्नेछ।" |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५२. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरेको दफा २५घ. को उपदफा (३) मा रहेका "परिषद्को सचिवले" भन्ने शब्दहरूको सट्टा "प्रतिष्ठानको कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५३. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५घ. को उपदफा (७) झिक्नु पर्ने। |
| ५४. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरेको दफा २५घ. को उपदफा (७) मा रहेको "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| ५५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १९ | | | | विधेयकको दफा (१९) ले थप्न प्रस्ताव गरेको दफा २५ङ. को खण्ड (घ) मा रहेको "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| ५६. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५ङ. को खण्ड (घ) झिक्नु पर्ने। |
| ५७. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू र मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. कृष्ण बहादुर रोकाय र मा. किरणबाबु श्रेष्ठ | १९ | | | | थप्न प्रस्ताव गरिएको दफा २५च. झिक्नु पर्ने। |
| ५८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २० | | | | थप्न प्रस्ताव गरिएको दफा २६ख. झिकी त्यसपछिको दफाक्रम मिलाउनु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५९. | मा. डा. अन्जान शाक्य | २० | | | | थप्न प्रस्ताव गरिएको दफा २६क. पछि देहायको दफा २६ख. थपी त्यसपछिको दफाक्रम मिलाउनु पर्ने:-<br>"२६ख. <u>पारिश्रमिक र सुविधा</u>: परिषद्ले कानून व्यावसायीको पारिश्रमिक तथा कानून व्यवसायलाई नियमन तथा व्यवस्थापन गर्नका लागि सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्यायाधिकरणहरूमा हुने सुनुवाई तथा कागजात व्यवस्थापनका लागि न्युनतम शुल्क निर्धारण तथा प्रतिमुद्दा अधिकतम पारिश्रमिक समेत निर्धारण गर्नेछ।" |
| ६०. | मा. माया प्रसाद शर्मा सहितका मा. सदस्यहरू | २० | | | | थप्न प्रस्ताव गरिएको दफा २६ग. पछि २६घ. थपी ऐन कार्यान्वयन मापन सम्बन्धी प्रावधान राख्नु पर्ने। |
| ६१. | मा. कृष्ण बहादुर रोकाय र मा. किरणबाबु श्रेष्ठ | २० | | | | थप्न प्रस्ताव गरिएको दफा २६ग. पछि देहायको २६घ. थप्नु पर्ने:-<br>"२६घ. <u>वरिष्ठ अधिवक्ताको मर्यादा</u>: वरिष्ठ अधिवक्ताको मर्यादा सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ।" |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम क.सं. १ देखि ६१ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

.................................

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।०५।१३